# लोमन्थाङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## लोमन्थाङ, मुस्ताङ

### स्वास्थ्यकर्मीहरु करारमा लिने सम्बन्धी पुनः प्रकाशित सुचना

पुनः सुचना प्रकाशित मिति २०७७/०९/०६

यस गाउँपालिकाको कोभिड १९ रोकथाम, नियन्त्रण तथा उपचारका लागि स्थापना हुने **कोभिड-१९ अस्थायी अस्पताल**को लागि प्रथम पटक मिति २०७७/०८/२१ मा **रुप्से दैनिक**, यस पालिकाको **सुचना पाटी** र **वेभसाइट**मा प्रकाशित सुचना अनुसार सबै पदमा प्रयाप्त दरखास्त नपरेको हुदाँ इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन अर्थात मिति २०७७/०९/१३ भित्र कार्यालय समयमा कार्यालयमा वा दिइएको इमेलमा दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना पुनः प्रकाशति गरिएको छ । आवेदन फाराम तथा थप जानकारी कार्यालयमा सम्पर्क राखी तथा कार्यालयको वेभ साइट मार्फत प्राप्त गर्न सकिनेछ ।

**करारमा लिनु पर्ने पदको विवरण**

| सुचना नं. | पद | तह | माग संख्या | आवेदन दस्तुर |
|---|---|---|---|---|
| ०१/२०७७/७८ | मेडिकल अधिकृत | अधिकृत आठौ | १ | १,०००।- |
| ०२/२०७७/७८ | स्टाफ नर्स | सहायक पाँचौ | २ | ५,००।- |
| ०३/२०७७/७८ | कार्यालय सहयोगी | श्रेणिविहिन | १ | ३,००।- |

**आवश्यक योग्यता र अनुभव**

**क) मेडिकल अधिकृतको लागि :**
१) नेपाली नागरिक
२) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट एम.बि.बि.एस. उर्त्तिण गरेको तथा सम्बन्धित काउन्सिलमा दर्ता भएको
३) उमेर : कम्तीमा २१ वर्ष पुरा भएको र ४५ वर्ष ननाघेको

**ख) स्टाफ नर्सको लागि :**
१) नेपाली नागरिक ।
२) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट स्टाफ नर्स उर्त्तिण गरेको तथा सम्बन्धित काउन्सिलमा दर्ता भएको
३) उमेर : कम्तीमा १८ वर्ष पुरा भएको र ४५ वर्ष ननाघेको

**ग) कार्यालय सहयोगीको लागिः**
१) नेपाली नागरिक
२) सामन्य लेखपढ गर्न सक्ने
३) उमेर : कम्तीमा १८ वर्ष पुरा भएको

**आवेदन फाराम साथ पेश गर्न पर्ने कागजात**

१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणीत प्रतिलिपि ।
२) नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट माथि तोकिएको शैक्षिक उपाधी उर्त्तिण गरेको मार्कसिट तथा चारित्रिक प्रमाणपत्र तथा सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाण पत्रको प्रमाणीत प्रतिलिपि ।
३) आवेदन दस्तुर बापतको रकम बैक दाखिला गरेको सक्कलै भौचर ।
(आवेदन दस्तुर बापतको रकम बुझाउने खाता नं ग १.१ आन्तरिक राजश्व खाता १५८०१२९८६५३०००७१ प्रभु बैक लि. लोमन्थाङ शाखा)
४. उम्मेदवारको व्यक्तिगत विवरण
५. २ प्रति पासपोर्ट साइजको फोटो
६. कार्य अनुभव भएमा प्रमाणित प्रतिलिपि ।

**पदपूर्ति सम्वन्धि अन्य व्यवस्था**

**१.** छनौट प्रक्रिया लगायतका अन्य व्यवस्थाा लोमन्थाङ गाउँपालिकाको '**लोमन्थाङ गाउँपालिकामा करारमा प्रविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि २०७५**' अनुसार हुनेछ ।
**२.** कोभिड १९ रोगको रोकथाम, नियन्त्रण तथा उपचारमा कार्यनुभव भएका उम्मेदवारलाई विशेष प्राथमिकता दिइनेछ ।
**३.** करार अवधी लगायतका अन्य व्यवस्था **स्थानीय तहमा कोभिड १९ अस्थायी अस्पताल संन्चालन सम्वन्धी मार्गदर्शन २०७७** को परिधी भित्र रहि तय हुनेछ ।
**४. कार्यक्षेत्र** : सबै पदका लागी **कोभिड १९ रोकथाम, नियन्त्रण तथा उपचार**मा हुनेछ ।
**५. परिक्षाको किसिम** : सर्ट लिस्ट र अन्तर्वार्ता (अन्तर्वार्ताको मिति योग्यताक्रमको सूचि प्रकाशित हुदा तोकिने)
**६.** सुचनामा उल्लेख भए बाहेकका अन्य विषय कार्यालयको निर्णय बमोजिम हुनेछ ।

**नोटः** कार्यालयमा सम्पर्क राखि आवेदन फाराम बुझाउन असमर्थ उम्मेदवारहरुले कार्यालयको इमेल vacany.lomanthang@gmail.com मा माथि उल्लेखित सम्पूर्ण कागजात र बैंक भौचरको स्क्यान कपि पठाई समेत दरखास्त फाराम बुझाउन सकिने छ । उक्त कागजातको सक्कल प्रति अन्तवार्ताको लागी तोकिएको समय भन्दा एक घण्टा अगावै कार्यालयमा रुजु गराउनु पर्नेछ । थप जानकारी ९८६०२७८१४५ तथा ९८५७६३०३३० मा सम्पर्क गरी लिन सकिने छ ।